REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

1840 HRS 27/10/2024

परी प्रकाशन

चौथो स्थापना दिवसको अवसर पारेर परी प्रकाशन, सोरेङद्वारा गान्तोकको मनन केन्द्रमा आयोजित दुई दिवसीय अन्तर्राष्ट्रिय साहित्यिक महोत्सव 2024 को आज समापन भयो। नेपालको ललित कला प्रज्ञा प्रतिष्ठानका कुलपति श्री नारदमणि हार्तम्छालीले सभाध्यक्षता गरेको आजको समापन कार्यक्रममा मुख्यमन्त्री एवं परी प्रकाशनका प्रमुख संरक्षक श्री प्रमसिंह तामाङ मुख्य अतिथि हुनुहुन्थयो।

आजको कार्यक्रमको प्रमुख आकर्षण पहिलो परी पुरस्कार थियो, जुन महिला वर्गमा कश्यपको महाकाव्य कृतिका निम्ति डा. गीता निरौला र पुरुष वर्गमा अभिव्यक्तिको सत्ताको निम्ति श्री भीम ठटाललाई प्रदान गरियो। यसरी नै कार्यक्रममा राज्यका साना-ठूला 40भन्दा अधिक साहित्यिक संस्थानहरूलाई अभिनन्दन जनाइयो भने परी प्रकाशनद्वारा प्रकाशित तथा अन्य गरी दर्जनौं पुस्तकहरूको विमोचन पनि गरियो। यसको साथै नेपालबाट आएका वरिष्ठ कविहरू श्री कृष्ण प्रसाइँ र श्री दिनेश अधिकारीसाथै सिक्किमकी कवि रञ्जना कार्कीलगायत परी प्रकाशनद्वारा आयोजित अन्तर विद्यालय सामुहिक कविता प्रतियोगिताका विजेता बनेका विद्यालयहरूका विद्यार्थीहरूले कविता वाचन गरेका थिए। कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले हराउँदै गएको पुस्तक लेख्ने, पढ्ने तथा अध्ययन गर्ने संस्कारलाई पुनर्स्थापित गरिनुपर्ने कुरामा जोर दिनुभयो। परी प्रकाशनको बारेमा बोल्दै कलिलै भए पनि यस प्रकाशनले धेरै साहित्यिक सर्जगहरूलाई सहयोग प्रदान गरिसकेको र आगामी दिनमा पनि यस कार्यलाई निरन्तरता दिइरहने बताउनुभयो। अर्कोतिर सरकार पनि साहित्य र साहित्यकारहरूका हितमा काम गर्न सदैव तयार रहने मुख्यमन्त्रीले बताउनुभयो।

स्वास्थ्य मन्त्री ढुङ्गेल

सिक्किमलाई पूर्वोत्तर भारत मै हृदयरोग सम्बन्धित उपचारको क्षेत्रमा मेडिकल हब बनाउने दिशामा सिक्किम सरकारले काम गरिरहेको स्वास्थ्य मन्त्री श्री जी टी ढुङ्गेलले बताउनु भएको छ।

आज एसटीएनएम अस्पतालमा उहाँले इलेक्ट्रो-फिजियो-लोजिकल स्टडीज एण्ड रेडियो फ्रिक्वेन्सी एब्लेसन अपरेटिभ कार्डियोलोजी शिविरको भ्रमण गर्नुभएको थियो।

मन्त्री श्री ढुङ्गेलले सिक्किम, उत्तर बङ्गाल र पूर्वोत्तर क्षेत्रका बिरामीहरू यस पूर्वधारबाट लाभान्वित हुने जानकारी गराउँदै सिक्किम विशेष हृदयरोग सम्बन्धित उपचारका लागि प्रमुख मेडिकल हबको रूपमा विकसित भइरहेको उल्लेख गर्नुभएको छ।

यस शिविरले एरिथमिया जस्तो गम्भीर बिमारका कारणले मानिसको जीवनलाई जोखिममा पार्ने अनि जटिल समस्याहरू निम्त्याउने गरेको र यी अवस्थाबाट बाँच्न उन्नत प्रक्रियाहरू- यी क्षेत्रहरूमा कम्ती उपलब्ध रहेको हुनाले अब यस क्षेत्रका मानिसहरुले सो स्वास्थ्य सुविधा पाउने जानकारी गराउनुभयो।

यी स्वास्थ्य सुविधाहरु सिक्किममा उपलब्ध भएको हुनाले पूर्वोत्तर भारतका जनताका लागि पनि फाइदा पुग्ने भन्दै सिक्किमलाई स्वास्थ्यको क्षेत्रमा उन्नत स्वस्थ्य हब बनाउन सकिने विश्वास व्यक्त गर्नुभयो। यस शिविरमा शल्यक्रियाको नेतृत्व, दिल्लीको बीएलके-म्याक्स सुपर स्पेशियालिटी अस्पतालका वरिष्ठ सल्लाहकार कार्डियाक-इलेक्ट्रो-फिजियोलोजिस्ट डा.अविनाश वर्माले गरिरहनु भएको छ । शिविरको आयोजना सिक्किम सरकारद्वारा गरिएको हो।

पीएम-मन की बात

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले डिजिटल गिरफ्तारीलाई लिएर चिन्ता व्यक्त गर्नुभएको छ। आज आकाशवाणीबाट मन की बात कार्यक्रममा उहाँले कानुनी रूपमा डिजिटल रूपमा कसैलाई पनि पक्राउ गर्न नसकिने बताउनु भयो। उहाँले डिजिटल गिरफ्तारीका नाममा हुने ठगीलाई रोक्न सबै अनुसन्धान निकायले मिलेर काम गरिरहेको स्पष्ट पार्नुभयो । प्रधानमन्त्रीले हरेक वर्ग र उमेर समुहका मानिस डिजिटल गिरफ्तारीको सिकार भएको र डरका कारण लाखौं रुपियाँ गुमाएको बताउनुभयो । उहाँले यस्ता फेक कलबाट नडराउन सर्वसाधारणलाई आग्रह गर्नुभयो। प्रधानमन्त्रीले डिजिटल सुरक्षाका लागि तीन उपायबारे बताउनुभयो। यी उपायहरू हुन् - पर्खिनु, सोच्नु र गर्नु। उहाँले यस्तो परिस्थिति उत्पन्न हुँदा शान्त रहन र आफ्नो व्यक्तिगत

जानकारी कसैलाई साझा नगर्न सल्लाह दिनुभयो। सम्भव भएसम्म त्यस्तो क्षणको स्क्रिनसट लिएर कुराकानी रेकर्ड गर्नुपर्ने बताउनुभयो। प्रधानमन्त्रीले त्यस्ता केसहरूमा सल्लाहको लागि साइबर हेल्पलाइन नम्बर 1930 डायल गर्न र वेबसाइट cybercrime.gov.in मा रिपोर्ट गर्न मानिसहरूलाई सल्लाह दिनुभयो। यस्तो अवस्थामा परिवार र पुलिसलाई जानकारी दिनुपर्ने र प्रमाण सुरक्षित राख्नुपर्ने उहाँले बताउनुभयो ।

प्रधानमन्त्रीले सरकारी निकायबीच समन्वयका लागि राष्ट्रिय साइबर समन्वय केन्द्र स्थापना गरिएको पनि बताउनुभयो ।